आज मिति २०७२ साल साउन १ गते शुक्रवारका दिन यस मेचीनगर नगरपालिकाका कार्यकारी अधिकृत तथा नगर प्रमुख श्री केशव भट्टराइको अध्यक्षतामा नगरपालिकाको बैठक निम्न उपस्थितिमा बस्यो।

**उपस्थिति**

कार्यकारी अधिकृत तथा नगर प्रमुख :– श्री केशब भट्टराई

आमन्त्रित

लेखा अधिकृत :– श्री राजन कुमार भेटवाल

ईन्जिनियर :– श्री कमल प्रसाद कोईराला

ईन्जिनियर :– श्री ईन्द्र बहादुर थापा

**निर्णय नम्बर १**

काकरभिट्टा बस टर्मिनल तथा प्यारीभिट्टा बसपार्क प्रोजेक्ट कोड K3L-003-R/K35L-004-S निर्माणको लागि मिति २०६८/४/२० गते लामा–मैनाचुली–शिवशक्ति जेभिसँग संझौता भई निमार्ण कार्य सम्पन्न गर्नुपर्ने समय मिति २०६९/१०/५ सम्मको दिएको र निजबाट उक्त उपलब्ध गराईएको समयभित्र निमार्ण कार्य सम्पन्न गर्न नसकी समय थप मागँ गर्दा कार्यालयबाट पहिलो पटक ६ महिना र दोश्रो पटक ३ महिना ८ दिन गरी जम्मा ९ महिना ८ दिनको समय थप गरी मिति २०७०/७/१३ गते सम्मको समयमा समेत निमार्ण कार्य सम्पन्न गर्न नसकेको। दुइपट म्याद थपका लागि दिएको निबेदनमा कार्यालयले सम्बोधन गरि अन्तिम पटक थप गरिएको समयमा कार्य सम्पन्न गर्न नसक्ने भनि अरु म्याद थपका लागि निर्माण ब्यबसयीका तर्फबाट निबेदन दर्ता नगराएको अबस्थामा सम्फौताको कुनैपनि बुदामा उल्लेख नभएको ,निजले बिधिबत रुपमा मागै नगरेको बिषयमा नगरपालिका कार्यालयले समय थप गर्न सक्ने देखिएन। यसरी उपलब्ध गराइएको समयभित्र निर्माण कार्य पुरा नगरेको हुदा उक्त योजना निरिक्षणको लागि नियुक्त इन्जिनियरस रिप्रजेन्टेटिभ समेतबाट सिफारिस भएको र करार सम्फौतको सर्त (Contact document को Clause No. ५७.२ र SCC को ५७.२ (g)) अनुसार थप २०० दिनसम्म सर्त न ४७.१ अनुसार ०.०५ प्रतिशतले जम्मा १० प्रतिशत Liquidated damage र करार सर्त न ६१.१ अनुसार कार्य सम्पन्न गर्न बाकि कामको मूल्याङ्कनको २० प्रतिसतसम्मको Adusted price लगाइ कार्य गर्न सक्ने र सो समय पछि उल्लेखित दफा अनुसार निर्माण ब्यबसायीसँगको सम्फौता स्वतः भंग हुन जाने करार सम्फौतामा भएको बाध्यात्मक ब्याबस्थाका आधारमा करार भंग भएको र सो बिषयमा नियुक्त Adjudicator बाट भएका निर्णयहरु बैठकमा जानकारि भै सम्फौताका सर्तका आधारमानै भंग भएको ठेक्का सम्फौता पुनः ब्युताउन सक्ने आधार नभै Adjucicator बाट भएको निर्णय नं १,२,६,र ७ मा चित्तबुफदो नहुदा Arbitation मा जाने र निर्माण ब्यावसायीसग Settlement का लागि आबस्यक छलफल समेत गर्न नगरपालिका लाइ सर्बदलिय बैठक बाट समेत सिफारि भै आएको हुदा समयमै arbitation मा जानका साथै निर्माण ब्यबसायीसँग समेत settlement का लागि आबश्यक छलफल आगाडि बडाउने निर्णय गरियो।

२०७२/०४/०१

निर्णय नं २

मेचीनगर नगरपालिकाको कार्यालय ईटाभट्टा भापा र लामा मैनचुलि शिबशक्ति जे भि क्रा बीचमा बस टर्मिनल तथा बसपार्क निर्माण आयोजना कोड K3L-003-R/K3SL-004-.S सम्बन्धमा विबाद भै विबाद समाधानका लागि नियुक्त Adjudicator श्री रामेश्वर कलवार बाट मिति २०७२।३।७ मा निर्णय भै मिति२०७२।३।२९ मा जानकारी प्राप्त भएको निणर्यमा चित्त नबुझी मेचीनगर नगरपालिका ईटाभट्टा भापाको तर्फबाट लिखित जवाफ पेश गर्न, उक्त मुद्दामा परि आउने जुनसुकै लिखत कागजमा सहिछाप गर्न, वारेस मुकरर गर्न, कानुन व्यवसायी मुकरर गर्न समेतका आवश्यक काम कारबाही गर्न यस मेचीनगर नगरपालिका भापाका तर्फ बाट कार्यकारी अधिकृत केशब भट्टराईज्यू लाई आवश्यक सम्पुर्ण अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो ।